गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

अत्तरिया, कैलाली

सदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या:- २०८३/८४ मिति : २०८३/०६/२८

चलानी नं:-

खैराना खोलाबाट नदीजन्य पदार्थ बिक्रि कार्य शुरु हुने बारे सूचना ।

यस गोदावरी नगरपालिका अन्तर्गत रहेको खैराना खोलाको देहायको स्थल/नाकाबाट नदीजन्य पदार्थ बिक्रि शुल्क संकलनका लागि देहायको फर्मसँग ठेक्का सम्झौता भइसकेकोले मिति २०८३/०६/२९ गतेदेखि नदीजन्य पदार्थ बिक्रि कार्य शुरू हुने व्यहोरा सम्पूर्ण सेवाग्राहीहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै सम्पूर्ण सेवाग्राहीहरु/सरोकारवालाहरूले देहायका शर्तहरू पालन गर्नुहुन समेत अनुरोध छ ।

तपसिलः

- ठेकेदार फर्मको नामः क्रेटिभ कन्स्ट्रक्सन, गोदावरी-२, अत्तरिया, कैलाली ।
- सम्झौता मितिः २०८३/०६/२८
- ठेक्का सम्झौता रकमः रु. १७,५९,८८०।- (मू. अ. कर बाहेक) ।
- बिक्री दर

क्र.सं.	नदी जन्य सामाग्रीको किसिम	दर मू.अ. कर बाहेक	
		प्रति घन फिट रु.	प्रति घन मिटर रु.
१.	ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, आदि	६ (छ)	२११.८९ (दुई सय एघार रुपैयाँ उनानब्बे पैसा मात्र)

- उत्खनन् स्थलः

क्र.सं.	स्थल	GPS CORDINATE
१.	SITE 1/गोदावरी-४, कैलाली	28⁰50′13.46″ N, 80⁰35′51.59″ E

- सेवाग्राहीहरूले पालना गर्नुपर्ने शर्तहरूः

१. नेपाल सरकारले बिक्री शुल्क छुटका लागि गरेका निर्णय बाहेक यस नगरपालिका क्षेत्रभित्र भएर बग्ने नदी/खोलाबाट नदीजन्य पदार्थ उत्खनन्/संकलन गरे वापत् नगरपालिकाको नदीजन्य पदार्थ बिक्री शुल्क सबैले तिर्नुपर्नेछ । नगरपालिका आफैले सञ्चालन गर्ने आयोजनाका लागि आफ्ना स्वामित्वका सवारी साधनहरु प्रयोग गरी आवश्यक पर्ने नदीजन्य पदार्थहरु उत्खनन्, संकलन तथा ढुवानी गरेको हकमा नियमानुसार राजश्व शुल्क लाग्नेछ । कसैले नगरपालिकाको नदीजन्य पदार्थ बिक्री शुल्क तिर्न अटेर गरेमा कानुन अनुसार कारबाही हुनेछ ।

२. नगरपालिकाबाट गरिएको IEE/EIA प्रतिवेदनमा उत्खनन् स्थल नतोकिएको स्थानबाट कसैले पनि नदीजन्य पदार्थ उत्खनन्/संकलन गर्न पाइने छैन । यसरी उत्खनन् स्थल नतोकिएको स्थानबाट उत्खनन् संकलन गरेको पाइएमा नगपालिकाद्वारा तोकिएको जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ ।

३. नदीको किनारबाट भू-क्षय हुने गरी डिल, भिर, भित्तो खन्न, खोरस गरी ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल निकाल्न पाइने छैन । त्यसरी निकालेको पाइएमा उक्त कार्य गर्ने ढुवानी साधनहरुलाई आवश्यक कारबाही गरिनेछ ।

४. प्राकृतिक स्रोतको उत्खनन्, संकलन तथा ढुवानी गर्दा IEE/EIA प्रतिवेदनले तोके बमोजिमको परिमाण र स्थानबाट मात्र गर्नुपर्नेछ । राजमार्गको ५०० मिटरभित्रको नदी, सडक पुल तथा झोलुङ्गे पुलको एक किलोमिटर तल र पाँच सय मिटरमाथिको नदीजन्य पदार्थको उत्खनन् तथा संकलन गर्न पाइने छैन ।

५. नदी/खोला/घाटको आकृति वा स्वरूप बिग्रने गरी नदी किनारमा प्राकृतिक तवरले रहेको ढुङ्गा तोड्न वा फोड्न पाइने छैन । साथै ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल, भरान झिक्र मेसिनको प्रयोग गर्नुपर्ने भएमा स्वीकृत IEE/EIA ले तोकेको मापदण्ड अनुसार नगरपालिकाबाट ठूलो मेसिन प्रयोग सम्बन्धी स्वीकृत कानूनको अधिनमा रही अनुमति लिएर मात्र सञ्चालनमा ल्याउनुपर्नेछ । नगरपालिकाको अनुमति नलिई ठूला मसिन प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न पाइने छैन ।

६. भिजेको नदीजन्य पदार्थ ढुवानीमा गर्न पाइने छैन । साथै ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल, भरान छोपेर मात्र ढुवानी गर्नुपर्नेछ ।

७. बिहान सूर्योदयभन्दा अगाडि र बेलुका सूर्यास्तभन्दा पछि ढुवानीका साधनहरुले उत्खनन् स्थलमा प्रवेश गर्न पाइने छैन । यसरी नियम विपरीत गएका साधनहरूलाई कानून बमोजिम कारबाही गरिनेछ ।

आर्थिक ऐन २०८३/८४ को साभारः

१५.	अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरेको वा उत्खनन् तथा संकलन गर्न नदीमा गएको पाईएमा देहाय बमोजिम दण्ड जरिवाना गरेर मात्र सवारीसाधन छोडिनेछ ।	
क)	ट्रयाक्टर	५०,०००/-
ख)	टिप्पर	७०,०००/-
ग)	स्काईभेटर/जे.सि.भि	१,००,०००/-
घ)	खोला मै गई थुप्रो बनाउने व्यक्तिलाई	१००/-
ङ)	नदीजन्य पदार्थ बोकेको गाडी राती भेटिएमा माथि उल्लेखित रकमको दोब्बर जरिवाना गरिने ।	
च)	नदीजन्य पदार्थ उत्खनन, संकलन, ढुवानी तथा भण्डारण गर्ने व्यक्ति/फर्मको बारेमा नगरपालिकालाई यस्ता अवैध क्रियाकलापमा संलग्नका बारेमा पर्याप्त सूचना सहित नियन्त्रणमा लिई जानकारी दिनेलाई जरिवाना रकमको २० प्रतिशत रकम पुरस्कार प्रदान गरिनेछ ।	

विरेन्द्र बहादुर अधिकारी

राजश्व शाखा प्रमुख

बिरेन्द्र बहादुर अधिकारी

राजश्व शाखा प्रमुख